गाउँ कार्यपालिकाको
मिति:- २०८३/०२/२२
(बैठक संख्या:- १३-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८३ जेठ २२ गते तदनुसार नेपाल संवत ११४६, अनालागा, पञ्चमी, शुक्रबारका दिन बिहान ०८:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री बीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बाह्रौं(१३) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री बीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य, गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोविन्द राज जोशी | नि.प्र.प्र.अ. (सदस्य सचिव) |

**आमन्त्रितहरु:**

| | |
|---|---|
| श्री खगेन्द्र बोहरा | रोजगार संयोजक |
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

गाउँ कार्यपालिका
मितिः- २०८३/०२/२२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १३-२०८२/०८३)

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. आयोजना संशोधन नगर्ने सम्वन्धमा।
३. वडा नं. ३ मा प्रसुती गृह निर्माण सम्वन्धमा।
४. आयोजनाको नाम संशोधन सम्वन्धमा।
५. वडा कार्यालय विद्युत वाइरिङ्ग सम्वन्धमा।
६. कार्यविधि स्वीकृत सम्वन्धमा।
७. रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन सम्वन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो।कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय कर्णाली प्रदेशको आर्थिक सहयोगमा आ. व. २०८३।०८४ मा बारेकोट गाउँपालिका मार्फत सञ्चालन हुने मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तरगत वडा बाट छनौट भई आएका तपसिल बमोजिमका आयोजनाहरु सिफारिस गरि पठाउने निर्णय गरियो।

तपसिलः

| क्र सं | कार्यक्रम/आयोजनाको नाम | वडा नं | आयोजना स्थल | प्रस्तावित रकम | बिषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्यानीखोला घाटहाल्ना हुदै छहरे खोला खानेपानी योजना निर्माण | ८ | बण्डाला | १५ लाख | खानेपानी | |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका

मितिः- २०८३/०२/२२

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- १३-२०८२/०८३)</u>

**निर्णय नं. ३**

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय कर्णाली प्रदेशको आर्थिक सहयोगमा आ. व. २०८३।०८४ मा बारेकोट गाउँपालिका मार्फत सञ्चालन हुने मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तरगत वडा बाट छनौट भई आएका र कार्यपालिकाबाट समेत सिफारिस भई पेश भएका आयोजनाहरु संशोधनका लागि माग नगरिने प्रतिबद्धता गर्ने।

**निर्णय नं. ४**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पूर्वाधार विकास यातायात पूर्वाधार तर्फ सक्ला देखि कासी सडक निर्माण बारेकोट-९, शिर्षकमा ५०००००।– (अक्षरेपि पाँच लाख रुपैया मात्र) विनियोजन भएकोमा उक्त सडक निर्माण गर्दा सक्ला बस्तिमा रहेका निजी घर तथा जग्गाहरुमा क्षति भई आयोजना कार्यान्वयन गर्न समस्या देखिएकोले उक्त आयोजनाको रकम **खारी रिङ्गरोड देखि माथिल्लो खारी सम्म सडक निर्माण** शिर्षकमा विनियोजन गरी खर्च गर्ने।

**निर्णय नं. ५**

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत वडा नं. २ र वडा नं. ४ का वडा कार्यालयहरुमा विघुत वाइरिङ्ग मर्मत व्यवस्थापन गर्नुपर्ने भएकोले चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्राविधिक इष्टिमेट अनुसार वजेट शिर्षक नं. ३११५३ बाट भूक्तानी गर्ने गरी वडा नं. २ को लागि रु. १०००००।– र वडा नं. ४ को लागि रु. १०००००।– भुक्ततानी गर्ने।

**निर्णय नं. ६**

बारेकोट गाउँपालिकाको लागि अत्यावश्यक कार्यविधिहरु तयार भई आजको बैठकमा दफावार छलफल भईसकेकोले तपसिल बमोजिमका कार्यविधिहरु प्रमाणित भएको मिति देखि लागु हुने गरि स्वीकृत गर्ने।

**तपसिलः**

१. बजार केन्द्र (हाटबजार) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

२. बारेकोट गाउँपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८३

३. बारेकोट गाउँपालिकाको साझा सुविधा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
सिम्ला, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८३/०२/२२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १३-२०८२/०८३)

**निर्णय नं. ७**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बीरेन्द्रनगर सुर्खेतको मिति २०८३/०३/२० को प्राप्त पत्र र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ समेत मा उल्लेख भए बमोजिम मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा परिचालन हुने प्राविधिक जनशक्तिलाई प्रोत्सहान रकम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी खर्च गर्ने सकिने व्यवस्था छ। साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बीरेन्द्रनगर सुर्खेतको मिति २०७८/०९/१६ को रोजगार संयोजक मुख्यमन्त्री रोजगार कार्यक्रम हेर्ने इन्जिनियर र रोजगार सेवा केन्द्रको प्राविधिक कर्मचारीहरुलाई प्रोत्सहान रकमको व्यवस्था गर्ने निर्देशन भएकाले बारेकोट गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्र अन्तर्गतका कर्मचारीहरुलाई कार्यविधि अनुसार कन्टेन्जेन्सि रकमबाट प्रोत्साहन रकमको व्यवस्था गर्ने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत